# राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७

## (पहिलो संशोधन २०७६)


नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## १. पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यलाई एक आधारभूत मौलिक हकको रूपमा स्थापित गरेको छ भने उक्त संविधान प्रदत्त स्वास्थ्यसम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७६ जारी भएको छ । देश सङ्घीयता संरचनामा गएअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका तय भएको छ । संविधानको मर्मअनुसार राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को ६.६ को रणनीति नं ६.६.६ मा स्वास्थ्य सेवामा स्वयंसेवकको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ । त्यसै गरी स्थानीय तहको एकल अधिकार र कार्यमा आधारभूत स्वास्थ्य र सरसफाइ उल्लेख भएकोले, स्थानीय स्तरमा आधारभूत स्वास्थ्यको उपयोगमा वृद्धि तथा सरसफाइको सुधारमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको महत्वपूर्ण भूमिका रहनेछ । नेपालको संविधानको मर्म, राष्ट्रिय स्वास्थ्य नीतिको भावना, नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएको प्रतिबद्धता र स्वास्थ्य क्षेत्रमा देखा परेका कतिपय परिवर्तनहरूलाई सम्बोधन गर्नका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका राष्ट्रिय रणनीति,२०६७ लाई परिमार्जन गरी यो राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ (पहिलो संशोधन, २०७६) लागु गरिएको छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि यो रणनीति प्रदेश र स्थानीय तहका लागि मार्गदर्शन हुनेछ र यसको आधारमा प्रदेश तथा स्थानीय तहले आफ्नो वस्तुस्थितिअनुसार आफ्नो रणनीति बनाई लागु गर्न सक्नेछ ।

ग्रामिण क्षेत्रका आमा तथा बच्चाको स्वास्थ्य स्तरमा सुधार ल्याउन आवश्यक प्रतिकारात्मक र प्रबर्धनात्मक सेवा पुऱ्याउने उदेश्यले यो कार्यक्रम बि.सं. २०४५ साल (सन् १९८८/१९८९) देखि शुरु भएको हो । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीती पहिलो पटक बि.सं. २०४७ साल (सन् १९९० सेप्टेम्वर) मा, दोस्रो पटक बि.सं. २०४८ साल (सन् १९९२), तेस्रो पटक बि.सं. २०५९/६० साल (सन् २००३) मा, चौथो पटक बि.सं. २०६४/६५ साल (सन २००८) र बि.सं. २०६७/६८ मा पुर्नलेखन गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट स्वीकृती भई लागु भएको थियो । हाल संङ्घीय संरचना अनुरुप राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीति लाई परिमार्जन गरी राष्ट्रिय महिला सामुदायिक स्वास्थय स्वंयमसेविका कार्यक्रम रणनीति,२०६७ (पहिलो शंसोधन २०७६) तयार गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट स्वीकृत भए पछि लागु हुनेछ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०४८ ले वडा स्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सुडेनी तथा सामाजिक संघसंस्थाका स्थानीय कार्यकर्ताहरूको समेत स्वास्थ्य कार्यक्रममा सहभागिता गराइने व्यवस्था गरेको थियो । यसका साथै तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) ले हालको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई अझ सुदृढ गर्न प्रत्येक गाउँ विकास समितिमा कोष स्थापना गर्ने रणनीति तथा ६० वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मानपूर्वक बिदाइ गर्नुपर्ने कुरा औंल्याएको थियो ।

नेपालले स्वास्थ्य क्षेत्रको सहस्राब्दी विकास लक्ष्यमा गरेको प्रगतिमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका उल्लेखनीय रहेको छ । जनताको स्वास्थ्य स्थितिमा देखिएको क्रमिक सुधार मुख्यतः मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय भूमिकालाई नेपाल सरकारले उच्च मूल्याङ्कन गरेको छ । दिगो विकास लक्ष्य हासिल गर्नका लागि स्वास्थ्यको क्षेत्रमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका स्पष्ट देखिन्छ । त्यस्तै गरी कजाकस्तानको अस्तानामा सन् २०१८ मा प्राथमिक स्वास्थ्य सेवासम्बन्धी विश्वव्यापी सम्मेलनले विशेष गरी गरिब तथा सिमान्तकृत समुदाय लगायतको स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि समुदायको सहभागिता तथा उनीहरूको अपनत्व हुनुपर्ने कुरालाई जोड दिएकोले नेपालमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका अझै पनि महत्वपूर्ण रहेको देखाउँछ ।

राष्ट्रिय स्वास्थ्य क्षेत्र सुधार कार्यान्वयन योजनाले सङ्गठित र सुव्यवस्थित स्वास्थ्य क्षेत्रबाट उपलब्ध गराइने अत्यावश्यक स्वास्थ्यसेवामा उपयोगिता वृद्धि गरी नेपाली जनताको स्वास्थ्य स्तरमा सुधार ल्याउने प्रतिबद्धता कायम राखेको छ । यसका लागि समुदायमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका एक आधारभूत स्तम्भको रूपमा लिएको छ । उपलब्ध स्वास्थ्य सेवाको उपयोग दरमा उल्लेख्य रूपमा वृद्धि हुन नसकेको तथा ग्रामीण क्षेत्रमा बिरामी तथा मृत्युदर पनि तुलनात्मक रूपमा कम हुन नसकेको सन्दर्भमा महिला सामुदायिक स्वास्थ्य



नेपाल सरकार

स्वयंसेविकाको भूमिकालाई नयाँ सम्भावनाको रूपमा विकसित र क्रियाशील गराउन उपयोगी हुने देखिन्छ । आधारभूत स्वास्थ्य सेवाको प्याकेजअनुसारको सेवाको सर्वव्यापी पहुँच अभिवृद्धि गर्नका लागि पनि समुदायमा स्वास्थ्य संस्था र समुदायको बीचमा बसेर काम गर्ने, स्वास्थ्य जनचेतना जगाउने तथा स्वास्थ्य अभियानमा लाग्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका अपरिहार्य छ ।

यस रणनीतिमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनोट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवी भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रमअनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरूमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ ।

## २. लक्ष्य, रणनीति तथा उद्देश्यहरू

### २.१ लक्ष्य

महिला सशक्तीकरण तथा सहभागिताको माध्यमद्वारा जनसमुदायको प्रवर्धनात्मक र प्रतिकारात्मक स्वास्थ्यमा सुधार ल्याई स्वास्थ्यसम्बन्धी स्थानीय तथा राष्ट्रिय लक्ष्य हासिल गर्ने कार्यमा सहयोग पुऱ्याउने लक्ष्य यो रणनीतिले लिएको छ ।

### २.२ रणनीतिहरू

रणनीतिहरू निम्नअनुसार छन्–

२.२.१ स्थानीय महिलाको समूह परिचालन गरी घरघरमा स्वास्थ्य सूचनाहरू प्रवाह गरी सेवाको उपयोगमा वृद्धि गरिनेछ ।

२.२.२ स्वास्थ्य संस्था र समुदायको बीच संवाहकको रूपमा कार्य गर्ने स्वयंसेविकाहरू तयार गरिनेछ जसले स्वास्थ्यमा जनसहभागिता अभिवृद्धि गरी जनचेतना तथा सेवाको उपयोगिता बढाउनेछ ।

२.२.३ स्थानीय महिलाहरूको क्षमता अभिवृद्धि गरी उनीहरूकै सक्रियतामा सामुदायिक स्वास्थ्य सुदृढीकरण गरिनेछ ।

२.२.४ सामुदायिक स्वास्थ्य कार्यक्रममा स्वास्थ्यसंस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको भूमिका बढाई स्थानीय समुदायसँग सहयोगको आदानप्रदान तथा सहकार्य गरिनेछ ।

२.२.५ सामुदायिक स्वास्थ्य कार्यक्रममा स्थानीय सरकारको सहभागिता तथा अपनत्व विकास गरिनेछ ।

२.२.६ स्थानीय, प्रादेशिक र सङ्घीय सरकारको समन्वय र सहकार्यमा सामुदायिक स्वास्थ्य कार्यक्रम सुदृढीकरण गरिनेछ ।

### २.३ रणनीतिक उद्देश्यहरू

रणनीतिक उद्देश्यहरू निम्नअनुसार छन्–

२.३.१ समुदायमा स्वास्थ्य आमा समूहको माध्यमबाट घरघरमा स्वास्थ्य सूचनाहरू प्रवाह गरी स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्नु ।

२.३.२ स्वास्थ्य कार्यक्रमहरूलाई समुदायसम्म पुऱ्याउन स्वास्थ्य संस्था र समुदायको बीच संवाहकको रूपमा कार्य गर्न इच्छुक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू तयार बनाउनु ।

२.३.३ स्वास्थ्यसम्बन्धी अत्यावश्यक ज्ञान र सीप प्रदान गरेर स्थानीय तहमा स्वास्थ्य समस्या समाधान गर्न महिलाहरूलाई सक्रिय बनाउनु ।

२.३.४ सामुदायिक स्वास्थ्य कार्यक्रममा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको भूमिका अभिवृद्धि गर्ने ।

२.३.५ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रममा स्थानीय सरकारको सहभागिता र अपनत्वमा स्थानीय आवश्यकता र मागअनुसार व्यवस्थापन गर्ने ।



नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

२.३.६ स्थानीय, प्रादेशिक र सङ्घीय सरकारको समन्वय र सहकार्यमा महिला स्वास्थ्य कार्यक्रम सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहित गर्ने क्रियाकलाहरूलाई बढवा दिने ।

## रणनीतिक क्रियाकलापहरू

रणनीतिक उद्देश्यअनुसारका क्रियाकलापहरू निम्न हुनेछन्–

### २.३.१ समुदायमा स्वास्थ्य आमा समूहको माध्यमबाट घरघरमा स्वास्थ्य सूचनाहरू प्रवाह गरी सेवाको उपयोगमा वृद्धि गर्नु ।

**क) स्वास्थ्य आमा समूहको गठन**

- समुदायको सहभागितामा, स्थानीय स्वास्थ्य संस्थाको स्वास्थ्य कार्यकर्ताले प्रजनन उमेरका महिलाहरूलाई समावेश गरी समुदायमा स्वास्थ्य आमा समूहको गठन गर्नेछ । उक्त स्वास्थ्य आमा समूहमा एक जना अध्यक्ष र आवश्यकताअनुसार अन्य पदाधिकारीहरू हुनेछन् ।
- स्वास्थ्य आमा समूहमा कम्तीमा १५ जनासम्म सदस्य हुनेछन् । सिमान्तकृत, लोपोन्मुख तथा सेवाको पहुँचबाट टाढा रहेका समुदायका महिलाहरूलाई स्वास्थ्य आमा समूहमा सहभागी हुन उत्प्रेरित गरिनेछ ।
- प्रत्येक स्वास्थ्य आमा समूहले तोकेको योग्यता पुगेका सदस्यहरूमध्येबाट एक जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट गर्नेछ । जसले स्वास्थ्य आमा समूहमा सदस्य सचिव भई कार्य गर्नेछ ।

**ख) स्वास्थ्य आमा समूहको भूमिका**

- आवश्यक छनौट प्रक्रिया अपनाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट गर्नेछ ।
- कम्तीमा महिनामा एक पटक वा आवश्यकताअनुसार स्वास्थ्य आमा समूहको बैठक राख्ने । यो बैठक बस्ने मिति स्वास्थ्य आमा समूहको छलफलबाट तय गर्नुपर्नेछ । साधारणतया: गाउँघर क्लिनिक भएको स्थानमा उक्त क्लिनिक सञ्चालन हुने दिनमा बैठक राख्नु उपयुक्त हुनेछ ।
- स्थानीय स्वास्थ्य आमा समूहको बैठकमा अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्ने र छलफलमा सहभागी गराउनेछ ।
- स्वास्थ्य आमा समूहको बैठकले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कामको समीक्षा गर्नका लागि कम्तीमा वर्षमा एक पटक (आर्थिक वर्षको अन्तमा) समीक्षा बैठक गरी सो समूहको अध्यक्षले स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको सञ्चालन तथा नियमन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोष सञ्चालन निर्देशिकाले तोकेबमोजिम हुनेछ ।

### २.३.२ स्वास्थ्य कार्यक्रमहरूलाई समुदायसम्म पुऱ्याउन स्वास्थ्य संस्था र समुदायको बीच संवाहकको रूपमा कार्य गर्न इच्छुक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू तयार बनाउनु ।

**क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको छनौट**

स्वास्थ्य आमा समूहको बैठकले आवश्यक प्रक्रिया पुऱ्याई तपसिलबमोजिम आफूमध्येबाट एक जना महिला स्वास्थ्य स्वयंसेविका छनौट गरी निर्णयको प्रतिलिपिसहित सोको जानकारी सम्बन्धित स्वास्थ्य संस्थामा दिनेछन् ।

**तपसिल–**

क सम्बन्धित समुदायमा नै स्थायी रूपमा बसोवास गर्ने, कम्तीमा ५ वर्षसम्म स्वयंसेवी भई सेवा गर्न इच्छुक, २५ देखि ४५ वर्ष उमेर समूहको महिला हुनुपर्नेछ ।

ख विवाहित महिलालाई ग्राह्यता दिइनेछ ।

ग सामाजिक सेवा गर्न इच्छुक भएको हुनुपर्नेछ ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

घ दस कक्षा पास गरेको हुनुपर्नेछ, तर हिमाली तथा दुर्गम क्षेत्रमा आधारभूत शिक्षा पास गरेको महिलाहरूमध्येबाट छनौट गर्न सकिनेछ ।

ङ सिमान्तकृत, लोपोन्मुख वर्ग तथा सेवाको पहुँचबाट टाढा रहेका महिलालाई प्राथमिकता दिइनेछ ।

च वैतनिक पदमा बहाल नभएको हुनुपर्नेछ ।

छ राजनैतिक पदमा बहाल नरहेको वा जनप्रतिनिधि नभएको हुनुपर्नेछ ।

**ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको पद रिक्त हुने अवस्था–**

- स्वयंसेविकाको भूमिका निर्वाह गर्न अनिच्छुक भई राजीनामा गरेमा,
- वैतनिक पदमा बहाल भएमा वा गरेमा,
- आधिकारिक रूपमा राजनैतिक पदमा बहाल रहेमा,
- जनप्रतिनिधि चयन भई बहाल रहेमा,
- बिनासूचना लगातार ३ पटकसम्म स्वास्थ्य आमा समूहको बैठक नराखेमा वा अनुपस्थित भएमा,
- शारीरिक असक्तताका कारण असमर्थ भएमा,
- कानुनी रूपमा फौजदारी अभियोग लागेमा,
- अन्यत्र बसाइँ सरी गएमा वा
- मृत्यु भएमा

**घ) कार्य अवधि**

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले ६० वर्षको उमेरसम्म काम गर्न सक्नेछ । यदि कसैले ६० वर्षको उमेरपछि पनि स्वयंसेवा गर्न चाहेमा सरकारले उपलब्ध गराउने सेवासुविधाहरू प्रदान गरिने छैन ।

**ङ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बिदाइ**

- कम्तीमा १० वर्षसम्म महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भई काम गरेका र नागरिकताको आधारमा ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई कदर पत्र तथा तोकिएबमोजिमको एकमुस्ट आर्थिक सहयोगसहित स-सम्मान बिदाइ गरिनेछ ।

- न्यूनतम ५ वर्ष महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भई सेवा गरिसकेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको असामयिक निधन भएमा नेपाल सरकारले तोकेबमोजिम विनियोजन गरिएको बिदाइको रकम निजको हकवालालाई उपलब्ध गराइनेछ ।

- कुनै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले कामबाट बिदा लिन चाहेमा सम्बन्धित स्वास्थ्य आमा समूहको अध्यक्षलाई सम्बोधन गरी कारण खुलाई राजीनामा पेश गर्नुपर्नेछ । स्वास्थ्य आमा समूहको अध्यक्षले उक्त राजीनामा स्वीकृत गरी सम्बन्धित स्वास्थ्य संस्थामा ढिलोमा ३० दिनभित्र स्वास्थ्य आमा समूहको बैठक बसाई नयाँ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका चयन गरी त्यसको जानकारी सम्बन्धित स्वास्थ्य संस्थामा दिनुपर्नेछ ।

- कम्तीमा १० वर्ष सेवाअवधि पूरा गरी बिदाइ भएका महिला सामुदायिक स्वास्थ्य.स्वयंसेविकाहरूलाई स्थानीय तहमा उपलब्ध सेवाहरूलाई नि:शुल्क रूपमा प्रदान गर्न स्थानीय तहमार्फत प्रयास गरिनेछ ।

च) महानगरपालिका/उपमहानगरपालिकामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू तोकिएअनुसार सेवाअवधि पूरा गरी बिदाइ भएमा वा स्वेच्छाले छोडेमा वा कुनै कारणले स्वयंसेवामा नरहेमा यस्ता महानगरपालिका/उपमहानगरपालिकामा सूचना, सञ्चार तथा अन्य स्वास्थ्य सेवाका कार्यक्रमहरू स्वास्थ्यकर्मीबाट प्रदान गर्ने प्रावधान क्रमश: वृद्धि गर्दै लगिनेछ ।

**२.३.३ स्वास्थ्य सम्बन्धी अत्यावश्यक ज्ञान र सीप प्रदान गरेर स्थानीय तहमा स्वास्थ्य समस्या समाधान गर्न महिलाहरूलाई सक्रिय बनाउनु ।**

**क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको तालिम तथा क्षमता अभिवृद्धि**

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई निर्धारित पाठ्यक्रमअनुसार आधारभूत तालिमको व्यवस्था गरिनेछ । साथै, वेब वा अन्य नवीनतम डिजिटल प्रविधिहरूको उपयोग गर्दै सूचना, शिक्षा र सञ्चार सामग्रीहरू उपलब्ध गर्न सकिनेछ ।

- स्थानीय सरकारले आवश्यकताअनुसार स्वास्थ्य कार्यक्रमहरूको तालिम, पुनर्ताजगी तालिम, अनुशिक्षण, अभिमुखीकरण गोष्ठी र अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरी स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गर्न सक्नेछ ।

**ख) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका**

- स्वास्थ्य आमा समूहको नियमित बैठक राख्न समूहको अध्यक्षलाई सहयोग गर्ने । यसरी बैठक बोलाउँदा, सबै सदस्यहरूलाई समेट्ने हिसाबले भौगोलिक क्षेत्रलाई पनि मध्यनजर गरी पालैपालो विभिन्न ठाउँमा बैठक राख्नुपर्नेछ ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्य आमा समूहको माध्यमद्वारा समुदायका घरघरमा स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि गर्ने तथा स्थानीय तहमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउन सूचना प्रवाह गर्नेछन् ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले परिवार नियोजन, सुरक्षित मातृत्व, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य, नवजात शिशुस्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा तथा महामारी रोगहरू, श्वासप्रश्वास तथा झाडापखाला रोकथाम तथा नियन्त्रण, मानसिक स्वास्थ्य समस्या तथा नसर्ने रोगहरूको रोकथाम, वातावरणीय सरसफाइ, विपद् व्यवस्थापन, आयुर्वेद आदि विषयहरूमा स्वास्थ्य शिक्षा दिनेछन् । यसका अलावा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्वास्थ्य अभियानमा सहयोग गर्नुका साथै स्थानीय तहद्वारा तोकिएबमोजिम अन्य भूमिका निर्वाह गर्नेछन् ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले आफूले गरेको मासिक तथा वार्षिक कार्यको विवरण स्वास्थ्य आमा समूह तथा स्थानीय स्वास्थ्य संस्थालाई तोकिएको ढाँचा तथा अवधिमा जानकारी गराउनेछन् ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले हजार दिनका आमा भएका घरपरिवारको सामाजिक नक्साङ्कन गर्नेछन् । साथै सरकारले विशेष स्वास्थ्य अभियानहरू सञ्चालन गर्दा आवश्यकताअनुसार घरधुरी भ्रमण गर्नेछन् र परामर्श तथा स्वास्थ्य सेवा प्रवर्द्धन गर्नेछन् ।

- आवश्यकताअनुसार सेवाको उपयोगमा वृद्धि गर्नका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्नेछन् ।

- स्वास्थ्यसम्बन्धी स्थानीय स्तरमा भएका जोखिमहरू पहिचान गरी त्यसको न्यूनीकरणमा सहयोग गर्नेछन् ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको आचारसंहिता अनुसूची ८ अनुसारको हुनेछ ।

**२.३.४ सामुदायिक स्वास्थ्य कार्यक्रममा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको भूमिका अभिवृद्धि गर्ने ।**

**क) स्वास्थ्यकर्मीको भूमिका**

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई तालिम तथा क्षमताको अभिवृद्धि गर्ने ।
- कार्यक्रम तथा आवश्यकताअनुसारको आपूर्ति व्यवस्थापन गर्ने ।
- प्रत्येक महिनामा एक पटक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बैठक राख्ने, उनीहरूको ज्ञानलाई अद्यावधिक गर्नका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको मोडुलर प्याकेजको आधारमा करिब डेढ घण्टाको अनुशिक्षण गर्ने र मासिक प्रतिवेदन सङ्कलन गर्ने ।
- स्वास्थ्य आमा समूहको नियमित बैठकमा उपस्थित भई समसामयिक स्वास्थ्यसम्बन्धी विषयमा जानकारी दिने र उनीहरूलाई आवश्यक सहयोग गर्ने ।
- प्रत्येक ६-६ महिनामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको समीक्षा बैठक राख्ने ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको व्यक्तिगत विवरण अद्यावधिक तथा नवीकरण गर्ने ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको स-सम्मान बिदाइका लागि सहयोग गर्ने र उक्त विवरण सम्बन्धित निकायहरूमा जानकारी गराउने ।



नेपाल सरकार स्वास्थ्य

२.३.५ **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम स्थानीय सरकारको सहभागिता र अपनत्वमा स्थानीय आवश्यक र मागअनुसार व्यवस्थापन गर्ने**

क) स्थनीय तहमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको बारेमा आवश्यक कार्यविधि तयार गर्न, कार्ययोजना बनाउन, कार्यक्रम कार्यान्वयन गर्न तथा त्यसको नियमन गर्नका लागि अनुसूची ५ अनुसारको एक समिति रहनेछ ।

ख) **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या निर्धारण–**
स्थानीय तहले सामान्यतः तराईमा १०००, पहाडमा ६०० र हिमालमा १५० जनसङ्ख्याको लागि एक जना रहने गरी महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको छनोट गर्ने । यसबाहेक स्थानीय तहको भौगोलिक अवस्था, स्थानीय आवश्यकता र आफ्नो क्षमताको आधारमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या थप गर्न सक्नेछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कार्यक्षेत्र तथा सङ्ख्या सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिसमा वडा कार्यालयले तोकेअनुसार हुनेछ । यसरी थप गरिएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको आर्थिक भार स्थानीय सरकार आफैंले व्यवस्था गर्नुपर्नेछ ।

ग) ६० वर्ष उमेर पुगिसकेको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रक्रियाअनुसार स्थानीय तहले बिदाइ गर्नेछ ।

घ) स्थानीय तहले तोकेको कर्मचारी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको सम्पर्क व्यक्ति हुनेछ ।

ङ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गर्ने तथा उनीहरूको कामको अनुगमन गर्ने जिम्मेवारी स्थानीय स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

च) स्थानीय तहले आफ्नो क्षेत्रमा निर्धारण गरिएका नीति तथा कार्यक्रम लागू गर्ने, अनुगमन गर्ने, प्रतिवेदन गर्ने तथा स्थानीय तहभित्र सञ्चालित स्वास्थ्य कार्यक्रममा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको गुणात्मक सहभागिताको प्रवर्धन गर्ने कार्य गर्नेछन् ।

च) स्वास्थ्य संस्थाका प्रमुख/स्वास्थ्यकर्मी वा निजको उत्तरदायित्व निर्वाह गर्ने स्वास्थ्य कार्यकर्ताले प्रत्येक समुदायमा स्वास्थ्य आमा समूहको गठन गर्न सहयोग गर्ने तथा स्वास्थ्य आमा समूहलाई क्रियाशील तुल्याउनुका साथै अभिमुखीकरण र अन्य आवश्यक सहयोग गर्ने काम गर्नेछन् ।

२.३.६ **स्थानीय, प्रादेशिक र सङ्घीय सरकारको समन्वय र सहकार्यमा महिला स्वास्थ्य कार्यक्रमसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्ने ।**

क) सङ्घीय स्तरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्वन्धी आवश्यक नीतिगत, गुणस्तर तथा समन्वय निकायको रूपमा कार्य गर्नेछ ।

ख) सङ्घीय तहमा कार्यक्रमको बारेमा नीति बनाउन, कार्यक्रमको समन्वय गर्न, कार्यक्रम बनाउनको लागि अनुसूची ३ अनुसार एक समिति रहनेछ ।

ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी नीति निर्माण, कार्य योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा संघदेखि स्थानीय तहसम्म अन्य सम्वन्धित मन्त्रालय र अन्तर्गतका निकायहरूसँग समन्वय गरिनेछ ।

घ) सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयले प्रदेश स्तरमा नीति, योजना तथा तर्जुमा तथा समन्वय गर्ने, अनुगमन गर्ने तथा स्थानीय तहलाई आवश्यक परामर्श दिन सक्नेछ ।

## ३. कार्यक्रमको योजना तथा अनुगमन

### ३.१ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति–

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी सङ्घीय स्तरमा सङ्घीय समिति र प्रदेश तहमा प्रादेशिक समिति र स्थानीय तहमा स्थानीय समिति रहनेछ ।

३.१.१ सङ्घीय स्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समितिको गठन अनुसूची ३ अनुसार हुनेछ र समितिका कार्यहरू निम्नानुसार हुनेछन् ।

क यस समितिले महिला सामुदायिक स्वास्थ्य स्वयसेविका सम्बन्धी नीति तथा रणनीति तर्जुमा गर्न, कार्यक्रमको समीक्षा गर्न तथा कार्यक्रम कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सहयोग गर्दछ र सरोकारवालाहरू बीच समन्वय गर्न मद्दत गर्नेछ ।

ख सामान्यतया यो समितिको बैठक अर्धवार्षिक रूपमा बस्नेछ तर आवश्यक परेमा यजेन्डासहित थप बैठक बोलाउन सकिनेछ ।

३.१.२ प्रदेश तहमा प्रदेशस्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति गठन अनुसूची ४ अनुसार हुनेछ र समितिले निम्नानुसार कार्य गर्नेछ ।

क) यस समितिले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी नीति तथा रणनीति तर्जुमा गर्न, कार्यक्रमको समीक्षा गर्न तथा कार्यक्रम कार्यान्वयन, पाठ्यक्रम विकास गर्न प्रदेश स्वास्थ्य निर्देशनालयलाई सहयोग गर्दछ र सरोकारवालाहरूबीच समन्वय गर्न मद्दत गर्ने गर्दछ ।

ख) सामान्यतया यो समितिको बैठक अर्धवार्षिक रूपमा बस्नेछ । तर आवश्यक परेमा एजेन्डासहित थप बैठक बोलाउन सकिनेछ ।

३.१.३ स्थानीय तहमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति अनुसूची ५ बमोजिम हुनेछ र यस समितिले निम्नानुसार कार्य गर्नेछ ।

क) यस समितिले स्थानीय तहमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यक्रमको समीक्षा गर्न तथा कार्यक्रम कार्यान्वयन गर्न स्थानीय स्वास्थ्य संस्थालाई सहयोग गर्दछ र सरोकारवालाहरूबीच समन्वय गर्न मद्दत गर्नेछ । कम्तीमा ६ महिनामा एक पटक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समितिको हैसियतले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमबारे छलफल गर्नेछ ।

ख) आवश्यकताअनुसार स्थानीय तहले कार्यविधि बनाई सोअनुसार कार्य भए नभएको यकिन गरी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई आवश्यक निर्देशन दिनेछ ।

ग) आवश्यकताअनुसार आर्थिक व्यवस्थापनका लागि पहल गर्नेछ ।

घ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बिदाइ लगायत विभिन्न कार्यक्रमको सहजीकरण गर्न तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको अनुगमन गर्न मद्दत गर्नेछ ।

**३.२ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको समीक्षा बैठक**

३.२.१ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमसम्वन्धी क्रियाकलापहरूको समीक्षा गर्न तथा भावी योजना तर्जुमा गर्न प्रत्येक स्वास्थ्यसंस्थामा हरेक ६ महिना (सम्भव भएसम्म मङ्सिर र जेठ महिनामा) मा प्रत्येक पटक २ दिनको अर्धवार्षिक योजना तथा समीक्षा बैठक सञ्चालन गरिनेछ ।

३.२.२ समीक्षा बैठकमा सम्बन्धित स्वास्थ्य संस्थाका सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू र स्वास्थ्यकर्मीहरूले भाग लिनेछन् । सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले समीक्षा बैठक सञ्चालन गर्नुपर्नेछ ।

३.२.३ समीक्षा बैठकमा समसामयिक स्वास्थ्य कार्यक्रमहरूको विषयमा छलफल गर्ने, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाबाट सम्पादित कार्यको समीक्षा गर्ने, योजना गर्ने, स्वास्थ्य समस्याको पहिचान र समाधान गर्ने, वार्ड रजिस्टरको पुनरावलोकन गर्ने, स्वास्थ्यसम्बन्धी तथ्याङ्क सञ्चालन गरी (जस्तै : मातृमृत्यु, नवजात शिशु मृत्यु, परिवार नियोजन. सेवा पाइरहेका दम्पती सङ्ख्या) उनीहरूलाई सहयोगात्मक पृष्ठपोषण दिनुका साथै अत्यावश्यकीय सरसामानको आपूर्ति गरिनेछ ।

३.२.४ समीक्षा बैठकमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको अभिवृद्धि तथा परिचालनबारे पनि छलफल गर्नुपर्नेछ ।

३.२.५ समीक्षा बैठकमा स्वास्थ्य संस्था प्रमुखले सम्बन्धित वडा प्रमुख वा निजका प्रतिनिधि, स्थानीय तहका सदस्य तथा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यलाई आमन्त्रित गर्न सक्नेछन् ।

## ४. उत्प्रेरणा

समुदायमा आधारित स्वास्थ्य कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई उत्प्रेरित गरी सक्रिय राख्ने उद्देश्यले निम्न कार्यहरू गरिनेछन्–

### ४.१ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोष

स्थानीय तहमा स्थापित महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषलाई क्रियाशील बनाइनेछ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोष सञ्चालन निर्देशिकाले व्यवस्था गरेअनुसार कोषको प्रभावकारी सञ्चालनका लागि स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तथा कोष परिचालनको अनुगमन कार्यलाई नियमित गरिनेछ।

४.२ आ.व.२०६६/६७ देखि अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस (International Volunteer's Day) कै दिन हरेक वर्ष मनाउँदै आइरहेको राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसलाई निरन्तरता दिइनेछ।

४.३ प्रशंसनीय कार्य गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई स्थानीय तहबाट प्रोत्साहन स्वरूप प्रशंसापत्र प्रदान गर्ने, सार्वजनिक समारोहमा अभिनन्दन गर्ने तथा अवलोकन भ्रमणको अवसर प्रदान गर्ने प्रयास गरिनेछ।

४.४ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचयका लागि अनुसूची १ अनुसारको लोगो बनाइएको छ। यो लोगो महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकासँग सम्वन्धित कागजातहरूमा प्रयोग गरिनेछ।

४.५ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको घरको पहिचानका लागि बोर्डको नमुना अनुसूची २ मा दिइएको छ।

४.६ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचयपत्रको नमुना अनुसुची ७ मा दिइएको छ।

४.७ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको पोसाक भत्ता नेपाल सरकारले तोकेबमोजिम हुनेछ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका पहिचानका लागि साडीको बोर्डर (किनारा)को नमुना अनुसूची ६ मा दिइएको छ।

४.८ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सूचना प्रविधिको प्रयोग गरी ज्ञान तथा सीपको अभिवृद्धि / अद्यावधिक गर्न समयसापेक्ष रूपमा विभिन्न प्रविधिहरूको प्रयोग गरिनेछ।

## ५. प्रोत्साहन सम्बन्धी व्यवस्था

स्वास्थ्य कार्यक्रमहरूमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता वृद्धि गर्न प्रोत्साहन सम्बन्धी निम्न व्यवस्था गरिनेछ।

५.१ तालिम, समीक्षा बैठक तथा राष्ट्रिय कार्यक्रमहरूमा भाग लिँदा कम्तीमा पनि नेपाल सरकारले तोकेबमोजिमको यातायात खर्च व्यवस्था गरिनेछ।

५.२ सरकारको तर्फबाट परिचयपत्र, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बोर्ड, झोला, तोकिएअनुसारको औषधि र अन्य सामग्रीसहितको सानो बाकस तथा कार्यक्रमअनुसारको आवश्यक सहयोग गरिनेछ।

५.३ निःशुल्क स्वास्थ्य सेवाअन्तर्गत तोकिएका सेवाहरू प्रदान गरिनेछ।

५.४ स्थानीय निकायसँग समन्वय गरी आवधिक रूपमा पोसाकको व्यवस्था (साडीको किनाराको नमुना अनुसूची ६ मा राखिएको छ) गरिनेछ।

५.५ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई उपलब्ध गराउन सकिने सहयोगको लागि स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिहरूले स्थानीय निकाय तथा सहयोगी संस्थाहरूसँग आवश्यक समन्वय गरी सहयोग पुऱ्याउनेछन्।

५.६ स्थानीय तहमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई दिइने सुविधाहरू स्वास्थ्य कार्यालयको समन्वयमा उपलब्ध गराउने व्यवस्था गराइनेछ।

५.७ यसबाहेक उपलब्ध अन्य स्रोत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषमा जम्मा गरिनेछ।



नेपाल सरकार

५.८ यसरी स्थानीय पहलमा उपलब्ध गराइएको सहयोग तथा स्रोतको जानकारी स्थानीय तहले स्वास्थ्य कार्यालय, प्रादेशिक स्वास्थ्य निर्देशनालय र नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखालाई जानकारी गराउनुपर्नेछ ।

## ६. विविध

६.१ यस रणनीति पारित भएसँगै पुरानो रणनीतिअनुसार हुँदै आएका कामकारबाही यसै रणनीतिअनुसार हुनेछ ।

६.२ दीर्घकालीन, सालबसाली तथा थप आर्थिक दायित्व हुने बिषयमा निर्णय लिनुअघि बजेटको सुनिश्चितता सम्बन्धित निकायबाट लिनुपर्नेछ ।

६.३ कार्यान्वय गर्न सहज हुने गरी सङ्घीय, प्रादेशिक तथा स्थानीय समितिले कार्य सञ्चालन निर्देशिका बनाउन सक्नेछ ।

६.४ लोगो, बोर्ड तथा सारीको नमुना तथा रङ्ग संयोजन र परिचयपत्र अनुसूचीहरुमा दिइएको नमुनाअनुसार देशभर एउटै हुनेछ ।

६.५ आवश्यकताअनुसार यो रणनीति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

६.६ यस रणनीतिलाई कार्यान्वयन गर्न आवश्यक परेमा स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाले नमुना कार्यविधि तयार गर्न सक्नेछ ।

## अनुसूची १ : महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको सङ्केत चिन्ह (लोगो)

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लोगोको नमुना निम्नअनुसार हुनेछ ।

अर्थात् जसरी पोखरीमा एक सानो ढुङ्गा फ्याँक्दा तरङ्ग बन्दछ । त्यो तरङ्ग बढ्दैबढ्दै पोखरी नै ढाकिन्छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम वडा/समुदायबाट सुरु हुन्छ । समुदाय तथा वडाको संलग्नताले स्थानीय तह नै ढाक्दछ । यसै गरी सबै स्थानीय तहको संलग्नताबाट प्रदेशव्यापी बन्दछ । सवै प्रदेशको संलग्नताले समग्र राष्ट्रलाई नै समेट्छ ।

- भित्रपट्टिको पहिलो सानो घेराले यो कार्यक्रम समुदाय/वडा स्तरबाट सुरु हुन्छ भन्ने जनाउँछ, जुन स्वास्थ्य सेवाको केन्द्रबिन्दु हो ।
- दोस्रो घेराले स्थानीय तहभरि नै यो कार्यक्रम सञ्चालित छ भन्ने बुझाउँछ ।



नेपाल सरकार

- तेस्रो घेराले सम्पूर्ण प्रदेशमा कार्यक्रम सञ्चालित छ भन्ने देखाउँछ ।
- चौथो घेराले राष्ट्रव्यापी रूपमा यो कार्यक्रम सञ्चालित छ भन्ने सङ्केत गर्दछ ।

**अनुसूची २ : स्वयंसेविकाको बोर्डको नमुना**


महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बोर्डको नमुना निम्नअनुसार हुनेछ ।

**स्पेसिफिकेसन**

१. बाक्लो टिनको पातामा (Size 1 x1.5 feet)

२. आकासे निलो (Sky Blue) को पृष्ठभूमिमा चारैतिर गाढा निलो फ्रेम भएको ।

३. गाढा निलो (Navy Blue) अक्षर






नेपाल सरकार

## अनुसूची ३ : सङ्घीय स्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति

| क. सं. | नाम तथा संस्था | पद |
|---|---|---|
| १ | श्री निर्देशक, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा | अध्यक्ष |
| २ | श्री प्रतिनिधि, नीति, योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ३ | श्री प्रतिनिधि, गुणस्तर मापन र नियमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ४ | श्री प्रतिनिधि, स्वास्थ्य समन्वय महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ५ | श्री प्रतिनिधि, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| ६ | श्री प्रतिनिधि, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | सदस्य |
| ७ | श्री प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ८ | श्री प्रतिनिधि, खानेपानी विभाग, भौतिक योजना तथा पूर्वाधार मन्त्रालय | सदस्य |
| ९ | श्री प्रतिनिधि, परिवार कल्याण महाशाखा | सदस्य |
| १० | श्री प्रतिनिधि, व्यवस्थापन महाशाखा | सदस्य |
| ११ | श्री प्रतिनिधि, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र | सदस्य |
| १२ | श्री प्रतिनिधि, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | सदस्य |
| १३ | श्री प्रतिनिधि, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | सदस्य |
| १४ | श्री प्रतिनिधि, उपचारात्मक सेवा महाशाखा | सदस्य |
| १५ | श्री प्रतिनिधि, राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुर | सदस्य |
| १६ | श्री प्रतिनिधि, राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र | सदस्य |
| १७ | श्री प्रतिनिधि, सम्बन्धित गैरसरकारी संस्था | सदस्य |
| १८ | श्री प्रतिनिधि, आवश्यकताअनुसार विभिन्न कार्यक्रम हेर्ने शाखा प्रमुखहरू | आमन्त्रित सदस्य |
| १९ | अन्य सम्बन्धित गैरसरकारी संस्थाका प्रतिनिधिहरू र अन्तर्राष्ट्रिय विकास साझेदार | आमन्त्रित सदस्य |
| २०। | श्री शाखा प्रमुख, सामाजिक स्वास्थ्य सुरक्षा शाखा, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा | सदस्य सचिव |

## अनुसूची ४ : प्रदेशस्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति संरचना

| क. सं. | नाम तथा संस्था | पद |
|---|---|---|
| १ | श्री निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय | अध्यक्ष |
| २ | श्री प्रतिनिधि, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ३ | श्री प्रतिनिधि, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | सदस्य |
| ४ | श्री प्रतिनिधि, प्रदेश स्वास्थ्य तालिम केन्द्र | सदस्य |
| ५ | श्री प्रमुख, खोप, आई एम एन सि आई तथा पोषण शाखा, प्रदेश स्वास्थ्य निर्देशनालय | सदस्य |



नेपाल सरकार स्वास्थ्य तथा ...

| | | |
|---|---|---|
| ६ | श्री प्रमुख, नर्सिङ सेवा व्यवस्थापन शाखा, प्रदेश स्वास्थ्य निर्देशनालय | सदस्य |
| ७ | श्री प्रमुख, स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार शाखा, प्रदेश स्वास्थ्य निर्देशनालय | सदस्य |
| ८ | श्री प्रतिनिधि, प्रदेशमा कार्यरत गैरसरकारी संस्था | सदस्य |
| ९ | अन्य सम्बन्धित गैरसरकारी संस्थाका प्रतिनिधिहरू | आमन्त्रित सदस्य |
| १० | श्री शाखा प्रमुख, स्वास्थ्य स्वयंसेविका कार्यक्रम हेर्ने, प्रदेश स्वास्थ्य निर्देशनालय | सदस्य सचिव |

**अनुसूची ५: स्थानीय तहमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति संरचना**


| क सं. | नाम तथा संस्था | पद |
|---|---|---|
| १ | श्री स्थानीय तहको उपमेयर (म/उ/न.पा.)/ उपाध्यक्ष, स्थानीय तह (गा.पा) | अध्यक्ष |
| २ | श्री प्रतिनिधि, स्थानीय तह योजना शाखा | सदस्य |
| ३ | सम्बन्धित स्थानीय तहको स्वास्थ्य कार्यक्रम हेर्ने वडाध्यक्ष | सदस्य |
| ४ | समितिको अध्यक्षले मनोनीत गरेको सिमान्तकृत, लोपोन्मुख तथा सेवाको प्रयोग कम भएको समुदायको प्रतिनिधि २ जना | सदस्य |
| ५ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको १ जना प्रतिनिधि | सदस्य |
| ६ | स्वास्थ्यसँग सम्बन्धित सङ्घसस्थाको प्रतिनिधि १ जना | आमान्त्रित सदस्य |
| ७ | श्री स्वास्थ्य संयोजक, स्थानीय तह | सदस्य सचिव |

**अनुसूची ६ : स्वयंसेविकाको साडीको नमुना**

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको साडीको किनाराको नमुना निम्नअनुसार हुनेछ ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको साडीको रङ्ग फिक्का आकासे रङ्गको हुनेछ ।
- साडीको किनारामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लोगो झल्काउने गाढा आकासे निलो किनारामा सेतो ४ वटा गोलो घेरा ।

साडीको किनाराको नमुना



अनूसुची७ :स्वयंसेविकाको परिचय पत्रको नमूना

अग्रभाग

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको

**परिचय-पत्र**

फोटो

परिचय पत्र नं :

केन्द्रिय : ………… स्थानीय : …………

नाम थर : ……………………………………………………………………………

प्रदेश नं : ……………………………………

जिल्ला : ……………… स्थानीय तह : …………………… वडा : ………

स्वास्थ्य संस्थाको नाम : ……………………………………………

पृष्ठभाग

पृष्ठभाग

यो परिचय पत्र निस्वार्थ भावले काम गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भएकोले वहाँहरुलाई आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ।

---

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नाम : ……………………………………………

प्रमाणित गर्नेको

नाम : ………………………………… ………… दस्तखत : …………………

पद : …………………………………… मिति : ……………………

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको दस्तखत : ……………………………………

---

यो परिचय पत्र कसैले पाउनुभएमा नजिकको स्वास्थ्य संस्थामा बुझाईदिनु होला।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**अनुसूची ८ : महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने आचारसंहिता**

१. स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मूलमन्त्र मानी नैतिकता, इमान्दारिता र उच्च मनोबलका साथ कार्य गर्नेछु ।

२. आफ्नो सीप र ज्ञानको उपयुक्त रूपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समुदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नेछु ।

३. आफू सम्बद्ध स्वास्थ्य आमा समूहप्रति इमान्दारी, जवाफदेही तथा प्रतिबद्ध भई पूर्ण रूपमा कार्य गर्नेछु ।

४. स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रूपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्द्धन गर्नेछु ।

५. सिकेका ज्ञान र सीपको समूचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउनेछु ।

६. समुदायसँगको व्यवहारमा सधैँ विनम्र रूपमा सहयोगी हुनेछु ।

७. सेवाग्राहीको गोपनीयता कायम राख्नेछु ।

८. आर्जित ज्ञान र सीपलाई सही सदुपयोग गरी आमा र शिशुको स्वास्थ्य उत्थानमा आफ्नो हृदयदेखि नै लाग्नेछु ।

९. स्वास्थ्य आमा समूहलाई सशक्तीकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढ गर्न यथासक्य कोसिस गर्नेछु ।

१०. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्मअनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुनेछु ।

११. समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिलाई कदर गरी पक्षपातरहित सेवा दिनेछु ।

१२. स्वास्थ्य क्षेत्रमा सञ्चालित अभियान कार्यक्रममा सक्रिय रूपले सहभागी हुनेछु ।

१३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने नीति, नियम तथा मन्त्रालय र अन्तर्गत सञ्चालित कार्यक्रमहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्नेछु ।

१४. कुनै पनि तलवी कार्यमा वा राजनैतिक पदमा नियुक्ति भएमा महिला स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट अलग हुनेछु ।

१५. जात, लिङ्ग, धर्म, भाषा, रङ्ग, उमेर, शारीरिक असक्षमता, राजनैतिक विचारधारा तथा अन्य कुराहरूले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउनेछु ।

१६. आधिकारिक कार्यक्रमहरू हुँदा आफ्नो राजनैतिक विश्वासबारे प्रचारप्रसार गर्ने छैन ।

माथि उल्लेखित आचरसंहिता पूर्ण रूपमा पालना गर्नेछु ।

| हस्ताक्षर | हस्ताक्षर |
|---|---|
| ..............................<br>अध्यक्ष<br>स्वास्थ्य व्यवस्थापन समिति<br>________________ | ..............................<br>महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका |

मिति : ..................................................

**अनुसूची ९ : महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनोट हुनका लागि दिनुपर्ने निवेदन**

मिति :

श्री स्वास्थ्य आमा समूह

वडा नं. : ............... स्थानीय तह : ..........................

जिल्ला : .................................

विषय : **<u>महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भई काम गर्न पाऊँ ।</u>**

महोदय,

म महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रूपमा काम गर्न इच्छुक तथा रणनीतिमा तोकिएअनुसार योग्य भएकोले यो निवेदन पेस गरेकी छु । म स्वास्थ्य आमा समूहको नियम पालना गर्न मन्जुर रहेको ब्यहोरा पनि अनुरोध गर्दछु । साथै यसै निवेदनमार्फत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको आचारसंहितालाई पूर्णतः पालना गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछु ।

निवेदिका

नाम थर :

ठेगाना :

स्थानीय तह : ............ वडा नं : ....... टोल : ...............

दस्तखत :

नागरिकता प्रमाणपत्र नं : जन्म मिति :

---

**स्वास्थ्य आमा समूहको निर्णय**

मिति ............................ को दिन बसेको बैठकले ............................. जिल्ला ........................... स्थानीय तह ........... वडा नं.........टोल ............................. बस्ने श्री .............................. ( नागरिकता प्रमाणपत्र नं. ..............................) लाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीतिमा उल्लेख गरिएबमोजिम आचारसंहिता पालना गर्ने शर्तमा मिति २०...................... देखि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रूपमा राख्ने/अवधि थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | स्थानीय तह | वडा नं. | टोल | दस्तखत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |